म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ८१ २०८१ माघ २५ गते शुक्रबार 7 February 2025, Friday - पृष्ठ ४ मूल्य रू. ५/-







## विपद् व्यवस्थापनमा सरकारको भूमिकाको खोजी

# पहुँचमा बजेट हाल्दा चुनौति थपियो



समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभाका सदस्यहरुले विपद् व्यवस्थापनमा सरकार गम्भिर बन्न नसकेको बताएका छन् । प्रदेश सभा सदस्यहरुले गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण भएको विपद्को व्यवस्थापनमा सरकारको भूमिका कमजोर देखिएको बताएका छन् ।

बिहीबार बसेको प्रदेशसभाको बैठकको निर्वाचन क्षेत्र लक्षित विशेष समयमा धारणा राख्दै सत्तापक्ष तथा प्रतिपक्षका प्रदेशसभा सदस्यहरुले सरकारले विपद् प्रभावित क्षेत्रका भूमिका देखाउन नसकेको बताएका हुन् । बैठकमा सत्तापक्ष र प्रतिपक्षका गरी ३१ जना प्रदेशसभा सदस्यले धारणा राखेका थिए । समाभुख भुवन कुमार पाठकको रुलिङ अनुसार प्रदेश सभा बैठकमा आफू प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्रको आवश्यकता र माग बारेमा उनीहरुले धारणा राखेका थिए ।

प्रदेशसभा सदस्यहरुले सरकारले विपद् प्रभावित नागरिकहरुको आवास तथा व्यवस्थापनमा काम गर्न नसेकको बताएका छन् । सरकारले विपद्जन्य घटना न्यूनीकरणमा ध्यान दिन नसकेको उनीहरुको आरोप छ । विपद्बाट क्षति भएका सडक पूर्वाधारहरुको पुन:निर्माण कार्य तिव्रताका साथ अघि बढाउन उनीहरुले माग गरे । सडक पूर्वाधारहरुको समयमा नै पुन:निर्माण नभए वर्षायाममा नागरिकहरुले थप कष्ट भोग्नुपर्ने बाध्यता रहेको उनीहरुले बताए ।

सभामुखले प्रदेश सभा सदस्यहरुलाई निर्वाचन क्षेत्रमा मात्र सीमित बनाउन खोजेको आरोप लगाए । निर्वाचित प्रदेश सभा सदस्य प्रदेशभरको हुने भएपनि सभामुख पाठकले प्रदेशसभा सदस्यहरुको भूमिकालाई खुम्च्याएर आम नागरिकको मुद्दा उठाउने अधिकार माथि हस्तक्षेप गरेको उनीहरुको भनाई छ ।

उनीहरुले नागरिकहरुको आवश्यकता र समस्याका विषयमा सरकार गम्भिर बन्न नसकेको बताए । प्रदेशसभा सदस्यका अनुसार वन्यजन्तुको आक्रमणबाट आक्रान्त भएका नागरिकका लागि सरकारले काम गर्न सकेको छैन । पछिल्लो समय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा वन्यजन्तु र मानवबीच द्वन्द्वका कारण समस्या भइरहेको उनीहरुको भनाई छ । सरकारले नागरिकहरुको समस्यालाई उचित ढंगबाट व्यवस्थापन गर्नुपर्ने माग प्रदेश सभा सदस्यहरुले राखेका छन् ।

बैठकमा बोल्दै प्रदेशसभा सदस्यहरुले सरकारको गतिविधिका कारण व्यवस्था माथि नै चुनौति थपिएको बताए । सरकारले आफ्नो कार्यशैलीलाई सही ढंगबाट अघि बढाउन नसक्दा संघीयता र प्रदेश सरकारप्रति वितृष्ण बढेको उनीहरुको निश्कर्ष थियो । प्रदेशसभा सदस्यका अनुसार सरकारले बजेट विनियोजनमा पहुँच र पावर प्रयोग गर्दा चुनौतिलाई बढावा दिएको छ । मन्त्री र सरकार निकट रहेका व्यक्तिको क्षेत्रमा बजेट बढी पार्ने प्रचलनले समस्या भइरहेको उनीहरुले बताए । विकट र ग्रामीण क्षेत्रमा नागरिकको आवश्यकता, माग, समस्याका बारेमा सरकारले खासै चासो दिन नसकेको उनीहरुको भनाई छ । संघीयताको मर्म अनुसार सरकारले बजेट विनियोजनलाई न्यायपूर्ण ढंगबाट समतामूलक रुपमा विकासका काम अघि बढाउनु पर्ने उनीहरुले बताए ।

'हरेक वर्ष पावर र पहुँचमा बजेट विनियोजन भइरहेको छ । यसले प्रदेश सरकारको औचित्य माथि प्रश्न उठाइरहेको छ । पहुँचमा बजट हाल्ने र सरकारको काम सही ढंगबाट नहुँदा व्यवस्था माथि चुनौति थपिएको छ', एकजना प्रदेशसभा सदस्यले भने, 'आवश्यकता र मागका आधारमा बजेटको विनियोजन हुन जरुरी छ । साना र टुक्रे आयोजनामा सरकारको बजेट बढी परिरहेको छ । सरकारले त्यसलाई व्यवस्थापन गर्नुपर्छ ।' उनीहरुका अनुसार प्रदेश सरकारको बजेट माथि हरेक वर्ष विवाद हुने गरेको छ । सरकारले मापदण्ड विपरितका आयोजनाहरु बजेटमा समावेश गर्दा समस्या भइरहेको उनीहरुले बताए । सरकारले प्रदेश नीति तथा योजना आयोगलाई क्रियाशिल बनाउन नसकेको उनीहरुको गुनासो थियो । सरकारले नीति आयोगलाई आधिकार सम्पन्न बनाएर आयोजना निर्माण तथा कार्यन्वयन तथा नियमनमा सक्रिय बनाउन जरुरी रहेको उनीहरुले औंल्याए ।

स्पष्ट नीति र योजना प्रक्रिया नहुँदा प्रदेश सरकार रुमलिरहेको उनीहरुको भनाई छ । सरकारले योजना प्रक्रियाअनुसार आयोजनाहरु निर्माण गरेर अघि बढ्नु पर्ने उनीहरुले धारणा थियो । प्रदेशका नागरिकले अपनत्व ग्रहण गर्नेगरी महत्वपूर्ण आयोजनाहरुमा प्रदेश सरकारले काम गर्नुपर्ने उनीहरुले बताए । बैठकमा मुख्य ओमुकमारी श्रेष्ठ, रत्नप्रसाद ढकाल, प्रभात तामाङ, गोविन्द लम्साल, रामकुमार पहाडी, उद्धव थापा, जगन्नाथ थपलिया, कृष्णप्रसाद शार्म खनाल, केशवप्रसाद पोखरेल, गिर बहादुर तामाङ, भारती पाठक, ठाकुरप्रसाद ढकाल, बसन्त मानन्धर, अमृता नेपाल लगायतले धारणा राखेका थिए ।

बैठकमा मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश लोक सेवा आयोगको गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुभएको थियो । प्रदेशसभाको अर्को बैठक माघ २६ गते दिउँसो २ बजे बस्नेगरी स्थगित गरिएको छ ।

## हेटौँडा उपमहानगरले फोहोर उठाउन छोड्यो


# नगरवासीद्वारा उपमहानगरको आलोचना

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगरपालिकाले बिहीबारदेखि फोहोर उठाउन छाडेको छ । उच्च अदालत पाटन हेटौँडा इजलासले हेटौँडा उपमहानगरपालिकाको डम्पिङ साइटमा फोहोर फाल्न निषेधाज्ञा जारी गरेसँगै बिहीबारबाट हेटौँडा उपमहानगरपालिकाले फोहोर नउठाउने जनाएको हो । हेटौँडा उपमहानगरपालिकाले बिहीबार बिहान ८ बजे सामाजिक सञ्जाल फेसबुकमार्फत फोहर नउठाउने जानकारी गराएको छ ।

उपमहानगरको यस किसिमको निर्णयलाई नगरवासीले गैरजिम्मेवारीपूर्ण भनेको छ । अदालतले फोहोर नउठाउन भनेर नभनी डम्पिङ साइटमा फोहर नफाल्नु मात्रै भनेको उल्लेख गर्दै उपमहानगरले बैकल्पिक व्यवस्था गर्नु विपरित फोहोर नै नउठाउने निर्णय गैरजिम्मेवारीपूर्ण भएको नगरवासीको जीकिर छ । हेटौँडा-९ का सुरेन्द्र भट्टराईले सामाजिक सञ्जालमै प्रश्न गर्नुभएको छ, 'अदालतले फोहोर नउठा भनेको कि राप्ती तटमा फोहोर नफाल भनेको ?' हेटौँडा-६ का लक्ष्मण पौडेलले नगरको कर खाने तर नगरको फोहोर नखाने व्यवस्थापन ग़ैरक़ानूनी र ग़ैरराजनीतिको नमूना भएको जीकिर गर्नुभएको छ ।

हेटौँडा उपमहानगरपालिकाले आफ्नै कर्मचारीमार्फत हेटौँडा बजार क्षेत्रको सरसफाई गर्दै आएको छ भने निजी क्षेत्रसँगको सहकार्यमा उपमहानगरका २३ हजार घरधुरीबाट सशूल्क फोहर संकलन गरी व्यवस्थापन गर्दै आएको छ । हेटौँडा-१०, राप्तीतटस्थित डम्पिङ साइटको व्यवस्थापन हुन नसकेको, डम्पिङ साइटमा आगोलागी भएर वातावरण प्रदुषण भएको भन्दै योगेन्द्र प्रसाद उपाध्यायले दायर गर्नु भएको रिट निवेदनमा उच्च अदालत पाटन हेटौँडा इजलाशकी न्यायाधीश डा. निर्मला पौडेल भट्टराईले मंगलबार निषेधाज्ञा जारी गर्नुभएको थियो ।


हेल्लो हेटौडा उपमहानगरपालिका
23m

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती, प्रदेश नेपाल
टिप्पणि र आदेश

मिति:२०८१।१०।२४

उच्च अदालत पाटन, हेटौंडा इजलासबाट जारी निशेधआज्ञा सम्बन्धमा

उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०८१/१०/२२ मा जारी अल्पकालीन अन्तरिम आदेश अनुसार अर्को आदेश वा व्यवस्था नभए सम्मको लागि यस उपमहानगरपालिकाले फोहरको सङ्कलन र व्यवस्थापन गर्दै आएको नियमित सङ्कलनको कार्य स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। यसबाट पर्न जाने असुविधा प्रति उपमहानगरपालिका संवेदनशिल छ। यस्तो असहज परिस्थितिमा विगतमा जस्तै नगरबासीहरुको सकारात्मक सहयोग रहने अपेक्षा यस उपमहानगरपालिकाले गरेको छ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा

*फोहर संकलन कार्य स्थगित गरिएको सम्बन्धमा जानकारी गराउन हेटौँडा उपमहानगरपालिकाले बिहीबार बिहान सामाजिक सञ्जालमार्फत जारी गरेको सूचना ।*

हेटौँडा उपमहानगरपालिका र फोहर व्यवस्थापनमा हेटौँडा उपमहानगरसँग सहकार्य गर्दै आएको ग्रीन एण्ड क्लिन सर्भिसेज नेपालविरुद्ध उपाध्यायले रिट निवेदन दर्ता गराउनुभएको थियो । उच्च अदालत पाटन हेटौँडा इजलासले माघ २९ गते दुवै पक्षलाई अदालतमा उपस्थित हुन र हाललाई डम्पिङ साइटमा फोहर नफाल्न आदेश जारी गरेको हो ।

हेटौँडा उपमहानगरपालिकाले २०२६ सालदेखि फोहर व्यवस्थापन गर्दै आएको डम्पिङ साइटमा सम्भवत: पहिलोपटक यसरी फोहर फाल्न रोकिएको हो । हेटौँडा उपमहानगरपालिकाको वातावरण शाखाका उपप्रमुख केशव देवकोटाले उपमहानगर पालिकाको तर्फटबाट फोहर संकलन रोकिने सूचना जारी गरेको जानकारी गराउनुहुँदै वैकल्पिक व्यवस्था नगरिएको उल्लेख गर्नुभयो ।

ग्रीन एण्ड क्लिन सिटी हेटौँडाका सञ्चालक नवराज खतिवडाले दैनिक फोहर संकलनको कार्य नगर्न उपमहानगरबाट मौखिक जानकारी प्राप्त भएसँगै फोहर संकलनको कार्य रोकिएको जानकारी दिनुभयो । ग्रीन एण्ड क्लिन सिटी सर्भिसेजले हेटौँडा उपमहानगरका १९ वटै वडाबाट २३ हजार भन्दा बढी घरधुरीबाट फोहर संकलन गरेर व्यवस्थापन गर्दै आएको छ । बिहीबार हेटौँडा उपमहानगरपालिकाले फोहोर संकलनलाई नियमित गर्ने विषयमा कुनै तयारी थालेको छैन । बरु अदालतमा जवाफ दिने तयारीमा कानुन अधिकृत र वातावरण शाखाका अधिकृतले तयारी गरिरहेको बुझिएको छ ।

# ट्रिपर दुर्घटनामा चालकको मृत्यु

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१६, हटियास्थित शिवम् सिमेन्ट उद्योगको चुनढुंगा खानी क्षेत्र मकवानपुरगढी-७, खोटारबाट फर्कँदै गरेको ट्रिपर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

बुधबार बिहान ८ बजेर ३० मिनेटको समयमा खानीबाट ढुङ्गा लोड लिई फर्कँदै गरेको बा २ क ६६६४ नम्बरको ट्रिपर दुर्घटना भएको थियो । दुर्घटनामा परी ट्रिपर चालक मकवानपुरगढी-७, माथिल्लो जिम्बरका २४ वर्षीय देवेन्द्र लुङ्वाको घटनास्थलमै मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

# गैंडाको आक्रमणबाट राजकुमारको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवनमा गैंडाको आक्रमणबाट एकजनाको मृत्यु भएको छ । चितवन जिल्लाको राप्ती नगरपालिका-९, च्यात्राङखोलामा गैंडाको आक्रमणमा परी राप्ती नगरपालिका-३, झुरझुरेका २६ वर्षीय राजकुमार बिश्वकर्माको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बुधबार दिउँसो ३ बजेको समयमा ट्याक्टरमा ढुङ्गा लोड गरिरहेका राजकुमारलाई गैंडाले आक्रमण गरेको थियो । कोखामा चोट लागेर गम्भीर घाइते भएका राजकुमारलाई भरतपुर अस्पताल पठाइएको थियो । राजकुमारको उपचारको क्रममा बुधबार ४ बजेर ३९ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।


## सूचना । सूचना । सूचना ।

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाखालाई खोप लगाउनुहुन अनुरोध छ ।

थप जानकारीका लागि

पशु सेवा कार्यालय, मकवानपुर

९८५५०२७७२९, ९८४५६७४१८२

|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

# सम्पादकीय

## जवाफदेहिताविहीन जनप्रतिनिधि

राज्यको नीति तथा शासन व्यवस्थालाई सही ढंगले अघि बढाएर त्यस देशका नागरिकको हितसँगै अन्य देशसँगको सम्बन्ध सुमधुर बनाउने व्यवस्था राजनीतिक हो । लोकतान्त्रिक शासन प्रणालीमा राजनीतिक दल र राजनीति गर्ने मानिसको ठूलो महत्व रहन्छ । लोकतान्त्रिक शासन व्यवस्था जनताको मतको आधारमा निश्चित विधिबाट चल्नुपर्छ । यस्तो व्यवस्थाका चालकहरु अर्थात् राजनीति गर्ने व्यक्तिहरु जनताप्रति पूर्णरुपले उत्तरदायी हुनुपर्छ । लोकतन्त्रलाई "जनताका निम्ति जनताद्वारा जनताको शासन" भनिरहँदा नेपालको लोकतान्त्रिक शासन प्रणाली यस्तै छ कि छैन ? सोचनीय विषय बनिरहेको छ । राजनीति दलको नेतृत्व र आम जनताको साथले देशमा व्यवस्था परिवर्तन भए पनि आम जनताको अवस्था परिवर्तन हुन सकेको छैन । जनचाहनाबमोजिम जिम्मेवार, उत्तरदायी र जवाफदेही भएर देश र जनताको हितमा गरिनुपर्ने राजनीति पद, पैसा, पावर आर्जन गर्नमै उद्दत बनिरहँदा राजनीतिक दल र नेतृत्वको मान, प्रतिष्ठासमेत घटिरहेको छ ।

जनताको हितमा राजनीति गर्ने प्रतिबद्धतासहित जनताबाट अनुमोदित भएका जनप्रतिनिधिले नै राजनीतिलाई कमाउने ठाउँ बनाइरहेका छन् । जनताको प्रतिनिधि नै जनताप्रति उत्तरदायी र जवाफदेही नहुनुले राजनीतिलाई नै गिज्याउने काम गरिरहेको छ । जनताको साथ र सहयोगबाट पद प्राप्त गरेकाहरु आफ्नै दुनो सोझ्याउन लालायित बन्ने अवस्थाले राजनीति फोहोरी खेलको पर्याय बन्दै गएको छ । जनताको सेवा, सुविधाका लागि कानुन बनाउने अधिकारप्राप्त सांसदहरु जनताप्रति उत्तरदायी नभएका थुप्रै उदाहरण छन् । बागमती प्रदेशसभाको चालु अधिवेशनको सुरुवातमै सभाका सदस्यहरुबाट त्यस्तै व्यवहार प्रदर्शन भएको छ । राजनीतिक दलका नेतृत्वको इशारामा चल्ने गरेका जनप्रतिनिधिसँग जनताको हितमा सोच्ने क्षमतासमेत ह्रास भइरहेको छ । आफ्नो दल र दलको नेतृत्वले जे भन्छ त्यही मान्ने जनप्रतिनिधि कसरी जनताको हुन्छन् ?

गत शुक्रबार बागमती प्रदेशसभाको चालु अधिवेशनको पहिलो बैठकमा पेश नगरिएका विधेयक सर्वदलीय बैठकपछि बुधबार सहजै पेश भयो । त्यतिमात्र होइन, विवादित भएर प्रदेशप्रमुखले फिर्ता गरेको विधेयकसमेत पेश गरियो । संशोधनका लागि दर्ता भएको ४ र प्रदेश प्रमुखबाट फिर्ता भएको एक विधेयक प्रदेशसभामा पेश भएको हो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, प्रदेश खेलकुद ऐन, प्रदेश औद्योगिक व्यवसाय ऐन, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐनको संशोधन विधेयक र प्रदेश प्रमुखबाट फिर्ता पठाइएको प्रदेश कृषि विकास विधेयक पुन: विचारका लागि प्रदेशसभामा पेश भएको छ । त्यतिमात्र होइन, बुधबारै दोस्रो बैठक बसेर प्रदेशसभामा पेश गरिएका ५ वटा विधेयकमाथि सैद्धान्तिक छलफल गरी विचार गरियोस् भन्ने प्रस्तावसमेत सर्वसम्मत स्वीकृत भएको छ ।

प्रदेशसभामा विधेयक पेश हुनु स्वभाविक प्रक्रिया हो । तर, प्रदेशसभा बैठक सुरु भएको दिन विधेयक पेश गर्ने प्रस्ताव किन हटाइयो ? र सर्वदलीय बैठक बसेर के सहमति गरेपछि विधेयक सहजै पेश गरियो ? भन्ने प्रश्नको जवाफ जनप्रतिनिधिले दिनुपर्छ । जनताको लागि राजनीति गरेको दुहाई दिने राजनीतिक दलका नेतृत्व र जनप्रतिनिधिहरु जनताप्रति जवाफदेही बन्न सकेका छैनन् । शुक्रबारको बैठकमा विधेयक पेश गर्न नदिने भनेको प्रदेशसभाका प्रतिपक्षी सांसदहरु के कुराले विधेयक पेश गर्न तयार भए ? जनताले जान्न पाउनुपर्छ । सर्वदलीय बैठकमा त्यस्तो के सहमति भयो, जसले प्रदेशसभाका सत्तापक्ष र प्रतिपक्षका सांसदहरु सहजै विधेयक पेश गरेर छलफल अघि बढाउन राजी भए ? त्यसको जवाफ कसले दिने ? दलीय सहमति गरेर आपसी भागबण्डा गर्ने र आफ्नो स्वार्थ पूरा गर्ने राजनीतिले जनप्रतिनिधिलाई दीर्घकालीन लाभ नहुने निश्चित छ । जनप्रतिनिधिले पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता निर्वाह गर्न नसक्दा उनीहरुको राजनीतिक भविष्य अन्धकारमा पर्ने सम्भावना बिर्सनु हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक एवम् सामाजिक काममा मन जाने योग छ ।
**वृष** : अभिभावकको सहानुभूतिले काममा सफलता मिल्ला ।
**मिथुन** : धार्मिक एवम् प्राकृतिक स्थलको भ्रमणमा समय बित्ला ।
**कर्कट** : मनोरञ्जनले पढाइ–लेखाइमा आघात पुग्न सक्ला ।
**सिंह** : रमणीय र सुखद यात्रा योगमा सरिक भइने छ ।
**कन्या** : वैदेशिक समस्याका कामहरु क्रमश: समाधान होलान् ।
**तुला** : व्यापार–व्यवसायका कामहरु मध्यमकारक रहलान् ।
**वृश्चिक** : धार्मिक एवम् सामाजिक यात्रा योगमा सरिक भइने छ ।
**धनु** : अध्ययन–अध्यापनका कामहरुबाट लाभ प्राप्त ।
**मकर** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।
**कुम्भ** : न्यायिक क्षेत्रका काममा सफलता र विजय प्राप्त होला ।
**मीन** : परोपकारजन्य काममा सरिक र लाभ प्राप्त होला ।

# सहायता क्षेत्रमा भूकम्प

**अमेरिकी अनुदान सहायता रोक्ने ट्रम्पको निर्णय– सहायता क्षेत्रमा भूकम्प गएपछि धेरैको कोकोहोलो छ– ...हामीले खर्च गरेका हरेक डलर, हामीले सहयोग गरेका हरेक कार्यक्रम र हामीले पछ्याउने हरेक नीतिको जायज जवाफ छ हामीसँग– यसले गरिबी घटाउन मद्दत गरेको छ, यसले लैङ्गिक असमानता घटाउन मद्दत गरेको छ, यसले खाद्य सुरक्षा, पोषण सुधार, दिगो कृषि प्रवर्द्धन र भोकमरी अन्त्य गर्नुका साथै मुलुकलाई राम्रो बनाउन मद्दत गरेको छ ।**



✍ **पदम भण्डारी**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राज्यारोहणसँगै विश्व स्वास्थ्य संगठनबाट अलग भएको घोषणा गरे । त्यसका साथै अमेरिका पेरिस जलवायु सम्झौताबाट पनि बाहिरिएको घोषणा गरे । अमेरिकाले अन्य देशको तुलनामा डब्लुएचओमा आबद्ध हुँदा अनुचित मूल्य चुकाइरहेको, कोरोनालगायतका महामारीमा असफल भएको भन्दै ट्रम्पले विश्व स्वास्थ्य संगठनको आलोचना गर्दै आएका थिए । त्यस्तै जलवायु परिवर्तनको असरका कारण नवीकरणीय ऊर्जाको आवश्यकतामा बहस भइरहेका बेला ट्रम्पले अमेरिकासँग विश्वकै धेरै प्राकृतिक ग्याँस र तेल भएकाले यसको पूर्ण उपयोग गर्ने कुराको प्रतिबद्धता जनाए ।

त्यसैगरी अमेरिकाले सबै प्रकारका वैदेशिक अनुदान सहयोग स्थगित गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिअन्तर्गत विदेश नीतिको समीक्षा भइरहेकाले तत्काल ९० दिनसम्मका लागि वैदेशिक सहायता स्थगित गरिएको जनाएको छ । ९० दिनको समीक्षापछि सहायता जारी राख्ने वा बन्दै गर्ने भन्नेबारे निर्णय हुने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

२० जनवरीमा शपथग्रहण गरेपछि वैदेशिक सहायता पुनर्मूल्यांकनसम्बन्धी कार्यकारी आदेश जारी गरेका ट्रम्पले वैदेशिक विकास अनुदान स्थगित गर्न मातहतका निकायलाई निर्देशन दिए । यसबाट विश्वभर अमेरिकी सहयोगमा सञ्चालित स्वास्थ्य, शिक्षा र विकाससँग सम्बन्धित कैयौं परियोजना बन्द हुन सक्नेछन् । यी क्षेत्रमा अमेरिकाले विश्वभर सबैभन्दा धेरै खर्च गर्दै आएको छ ।

हुन त भूकम्प भनेको प्राकृतिक घटना हो, तर कहिलेकाहीं राजनीतिक निर्णयले पनि भूकम्पले जस्तै धक्का दिन्छ । जब अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विदेशी अनुदान सहायता कटौती गर्ने घोषणा गरे, त्यसको असर सहायता क्षेत्रमा यति गहिरो पऱ्यो कि मानौं रिचर स्केलमा ८.५ को भूकम्प आएको हो । सहायता संगठन, विकासशील देशका नीति निर्माता, हजारौं सहायताकर्मी यो झट्काले स्तब्ध भए ।

हिजोसम्म विदेशी सहायता कार्यक्रम चलाइरहेका संस्था चाँदीजस्तै चम्किरहेका थिए–विशाल सम्मेलन, एयर-कन्डिसन भएका अफिस, लक्जरी गाडी, उच्चस्तरीय नीति निर्माण कार्यक्रम अनि सहायता पाउने देशमा बारम्बार गरिने अध्ययन भ्रमण । तर, ट्रम्पको निर्णयले यी सबैमा अचानक ब्रेक लगाइदियो । सहायताकर्मीको सपनाजस्तै देखिने जीवनशैली अब कटौतीको भुमरीमा फस्यो । अब प्रश्न उठ्यो, यति लामो समयसम्म सहायता पाएको विकासशील देशहरूले आत्मनिर्भरता सिके त ? सहायता संस्थाका प्रमुखहरूलाई यो नै सबैभन्दा ठूलो चुनौती बन्यो ।

सहायताकर्मीको पीडा बोल्यो– अब हामीलाई कसले बचाउने ? दशकौंसम्म सहायता वितरण गर्दै आएका गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय संगठनहरूको प्राथमिकता नै अनुदान रकम प्राप्त गर्नेमा थियो । उनीहरूको व्यापार मोडेल नै विदेशी सहायता रकममा निर्भर थियो । जब ट्रम्पले सहायता रोक्ने घोषणा गरे, तब यी संस्थाहरूको जग हल्लियो ।

हिजोसम्म हामी त विश्वकै गरिबका सबैभन्दा ठूला सेवक हौं भनेर भाषण दिने सहायताकर्मीहरु आफैं सहायता खोज्न अब कता जाने भनेर थुतुनो निन्याउरो पार्न थाले । कोही युरोपियन युनियन, कोही जाइका, कोही जिआइजेड, कोही एफसिडिओतिर भने कोही एसडिसीतिर कसलाई भेट्ने होला भनेर आ-आफ्नो नेटवर्क खोज्न त कोही बनाउनतिर लागे ।

सहायता रोकिने क्रम सुरु भइसकेको थियो तापनि अमेरिकाको जिल्ला अदालतले रोक लगाएर धुमिल आशा पलाए पनि छटपटी र दौडधूपमा कमी आएको छैन । सहायता संगठनका केही कर्मचारीले त 'फन्ड मी' जस्तो क्राउडफन्डिङ वेबसाइट खोल्न भ्याए । यदि हामीले आफैंलाई सहयोगको खाँचो छ भनेर देखायौं भने सायद कोही दयालु व्यक्तिले केही डलर, केही पाउन्ड त डोनेसन गर्ला भन्ने ठाने । एक जना ठिटो, जसले आफूलाई सामाजिक परिचालक भनेर चिनाउँथ्यो, उसले हाँस्दै मलाई भन्यो, 'तपाईंले पाँच वर्षअघि भनेका कुरा प्रमाणित हुँदै छन् सर !'

मैले पाँच वर्षअघि के भनेको थिएँ, मैले बिर्सिसकेको कुरा राखेपछि भन्यो, सरले भन्नुभएको थियो– विकासे कार्यकर्ताको रुपमा आफ्नो भविष्य बनाउने दिन गए अब, किनकि अनुदान ल्याएर देशको विकास गर्छु भन्नु बेकारको कुरा हो । अनुदान मागेर कुनै देश धनी बनेका छैनन् र उद्यम गरेर कुनै पनि देश गरिब बनेका छैनन् । त्यसैले मागेर ल्याउने संस्थामा हैन, अनुदान दिन सक्ने संस्था अर्थात् व्यावसायिक एवं कर्पोरेट संस्कार भएको संस्थामा काम गर्नुपर्छ भनेको कुरा उसले दोहोऱ्याएपछि मैले भनेको कुरा बल्ल सम्झिएँ ।

अहिलेसम्म हामीले गरिबका लागि पैसा उठाएका थियौं, अबचाहिँ हाम्रो लागि उठाउनुपर्ने भयो । यो सुनेर म मौन भएँ, किनकि तिनीहरु जनतालाई आत्मनिर्भरता सिकाउन धेरैलाई तालिम दिने गर्थे, अबचाहिँ आफैंले आत्मनिर्भर बन्ने मौका आउँदा अवसरको रूपमा लिएनन्, आफ्नो जीवनमा ठूलो भूकम्प आएको महसुस गर्न थाले । तर, के साँच्चै ती सहायता संस्थामा काम गर्ने कर्मचारी आत्मनिर्भर बन्न सक्छन् त ? सक्दैनन्, किनकि तिनीहरू आफैं परनिर्भर छन् ।

सामाजिक सञ्जालमा अहिले विकासशील देशहरूको प्रतिक्रिया छरपस्ट देखिन्छ– अब के गर्ने ? अमेरिकी अनुदान रकमको ठूलो हिस्सा विकासशील देशका सरकार र गैरसरकारी संघसंस्थाले प्रयोग गर्थे । यो रकम स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार निर्माणजस्ता क्षेत्रमा लगानी गरिन्थ्यो । जब सहायता रोकिने हल्ला मच्चियो, यो धेरैका लागि छक्क पर्ने विषय बन्यो ।

अहिले चियापसल, चोक, चौतारी जताततै हामी आत्मनिर्भर बन्ने सोच बनाउनुभन्दा अब हाम्रा विकास योजना कसरी चलाउने, विदेशी विज्ञ बोलाएर नीति बनाउने हाम्रो परम्परा नै सकिने भयो, अमेरिकी अनुदानबिना त हाम्रो जीवन नै अधुरो हुन्छ । कसैले तत्काल चिनियाँ सधैं नयाँ बजार खोज्दै हिँड्छन्, उनीहरूलाई प्रस्ताव पठाउनुपर्छ भनेर चिनियाँ सरकारसँग सल्लाह गर्न सुझाएका छन् भने कतिले चीनले अनुदानभन्दा ऋण दिन रुचाउँछ भनेर थप निराशा व्यक्त गरे । अब हाम्रो देशमा अनुदान लिएर भन्दा ऋण लिएर विकास हुन्छ, आत्मनिर्भर बनिन्छ भन्ने बहस सुरु भएको छ । केहीले त आत्मनिर्भरताको बाटो भनेको ऋण नै हो भन्ने सन्देश दिन थालिसकेका छन् ।

अब हामी आफ्नै स्रोत खोज्छौं, हामी बाह्य सहायताबिना पनि अगाडि बढ्न सक्छौं भन्ने बहस सुरु होला जस्तो लाग्दैन मलाई । आत्मनिर्भरताका कुरा गर्दा ती विकासेहरू सबैभन्दा जान्ने टोपलिन्थे, तर जब आफैं संकटमा परे अरुलाई आत्मनिर्भरताको पाठ सिकाउनेहरु आफैं धरापमा परेका छन् । सिकाउनका लागि अमेरिकी परियोजनाबाट अनुदान आएको थियो, त्यो पैसा परिचालन गर्नेहरु आफूले केही सिकेका रहेनछन् भन्ने देखियो ।

डोनाल्ड ट्रम्पले 'किन अमेरिकाका करदाताले अरू देशका लागि पैसा खर्च गर्ने ?' भन्ने नीतिअन्तर्गत विदेशी सहायता कम गर्ने योजना अघि सारे । उनका समर्थकले ताली बजाएर भने– हामीले हाम्रो पैसा अमेरिकामै लगानी गर्नुपर्छ । त्यसैले अन्तर्राष्ट्रिय सहायता निकायहरु स्तब्ध भए । सहायता प्राप्त गर्ने संगठनले यो समाचारलाई सम्हाल्न प्रेस विज्ञप्ति निकाल्न थालेका छन्– हामी आत्मनिर्भर विकासको नयाँ मोडल खोज्दै छौं । कोही दाताहरू हुनुहुन्छ भने तपाईंहरूलाई स्वागत छ । अहिलेसम्म सहायता लिँदै विकास गराउने भनेर भाषण दिइरहेकाहरू अब आफैं बाँच्न नयाँ-नयाँ बखेडा झिक्न थालेका छन् ।

सहायता क्षेत्रको भविष्य छैन भनेर नबुझ्नेहरूलाई राम्रो मौका आएको छ । सहायता रोकिएपछि, धेरै संस्थाले नयाँ स्रोत खोज्न थालेका छन् । कोही निजी क्षेत्रको साझेदारीतर्फ लागेका छन् । तर, एउटा महत्वपूर्ण परिवर्तनचाहिँ निश्चित भयो, हिजोसम्म सहायताबिना विकास सम्भव छैन भन्नेहरूले हामी आत्मनिर्भर बन्न सक्छौं भन्न थालेका छन् । तर, समस्याचाहिँ यहीं छ । दसौं वर्षसम्म अनुदान लिएर विकास गर्ने सोच बनाएका देशले आत्मनिर्भरता सिक्ने समय पाएनन् । विकासशील देशहरु अब साँच्चै आत्मनिर्भर बन्नेभन्दा नयाँ दाताको खोजी गर्ने भन्ने बहस चलाउन थालेका छन् ।

तिनीहरुलाई सहायता रोकिए पनि जिन्दगी चल्छ भन्ने विश्वास छैन । ट्रम्पको निर्णयले सहायता क्षेत्रलाई नराम्रोसँग हल्लाए पनि संसार रोकिने भने होइन भन्ने कुरामा धेरैलाई विश्वास छैन । सहायता संस्था र सरकारहरू आत्मनिर्भरताभन्दा अनुदानका नयाँ उपाय खोज्न लागेका छन् । कतिपयले नयाँ मोडेल अपनाएर अब अनुदानभन्दा ऋणमा आधारित परियोजनाहरू बनाउने सोच्न थालेका छन् । जब सहायता रोकिन्छ, तब मात्र साँचो नवप्रवर्तन सुरु हुन्छ भन्ने कुरामा अनुदानमा निर्भर देशहरूले शिक्षा लिन सकेका छैनन् । यो घटनाले सहायता क्षेत्रमा एउटा नयाँ युग सुरु गरेको छ । अब सहायता कार्यक्रमहरू नि:शुल्क चिया-बिस्कुटसहितको बैठकबाट आफैं बाँच्ने उपाय खोज्ने यथार्थमा रूपान्तरण हुनु जरुरी छ ।

अमेरिकी अनुदान सहायता रोक्ने ट्रम्पको निर्णय– सहायता क्षेत्रमा भूकम्प गएपछि धेरैको कोकोहोलो छ– 'हामीले खर्च गरेका हरेक डलर, हामीले सहयोग गरेका हरेक कार्यक्रम र हामीले पछ्याउने हरेक नीतिको जायज जवाफ छ हामीसँग– यसले गरिबी घटाउन मद्दत गरेको छ, यसले लैङ्गिक असमानता घटाउन मद्दत गरेको छ, यसले खाद्य सुरक्षा, पोषण सुधार, दिगो कृषि प्रवर्द्धन र भोकमरी अन्त्य गर्नुका साथै मुलुकलाई राम्रो बनाउन मद्दत गरेको छ । हामीले धेरै कुरा सपार्न सकेनौं होला, तर बिगार्ने काम गरेका छैनौं । यसले के दर्साउँछ भने भूकम्पको असरले लाखौं घर-परिवारको घरको जग हल्लिएको छ ।'

अमेरिकी राजनीतिको नाटकीयताका त धेरै कुरा छन् । तर, राष्ट्रपति डोनाल्ड ट्रम्पले भूकम्प क्षेत्रहरूलाई अनुदान सहयोग रोक्ने निर्णय गर्दा उनले केवल विदेश नीति होइन, सम्पूर्ण अन्तर्राष्ट्रिय सम्बन्धलाई नै 'भूकम्पीय रिचर स्केल' मा पुऱ्याएजस्तो भयो । यसले अमेरिकी सहायता लिनेहरूको जग मात्र होइन, अमेरिकाको विश्वसनीयताको आधार पनि डगमगाएको छ ।

प्रकृति र राजनीतिको यो खेल हास्यास्पद छ, तर गम्भीर पनि छ । ट्रम्प भूकम्पलाई फेक भन्छन्, तर भूवैज्ञानिकहरु भन्छन्– जमिनले कहिल्यै झूट बोल्दैन । उसले मात्र सच्चाइ कम्पन गर्छ, तर राजनितिज्ञहरुले नक्कली कम्पन ल्याउँछन् ।

*(स्रोत: रातोपाटी)*

# हेटौंडा सिमेन्ट उद्योग सञ्चालन गर्न ध्यानाकर्षण



समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित हेटौंडा सिमेन्ट उद्योगलाई बन्द हुन नदिने भन्दै स्थानीय संघर्ष समितिले ध्यानाकर्षणपत्र बुझाएको छ। बिहीबार हेटौंडा-९ नम्बर वडाका स्थानीय संघर्ष समिति अध्यक्ष सुरेश बेरोजगारसहितको टोलीले हेटौंडा सिमेन्ट उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेलाई ध्यानार्कषणपत्र बुझाएको हो।

ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रममा माओवादी र कांग्रेसका ट्रेड युनियनका पदाधिकारीहरु सहभागी नभएको संघर्ष समितिका अध्यक्ष बेरोजगारले गुनासो गर्नुभएको छ। उहाँले माओवादी र कांग्रेसमा आवद्ध भएका ट्रेड युनियनका पदाधिकारीहरुले ध्यानाकर्षणपत्र हस्तान्तरण कार्यक्रमलाई चासो नदिएको आरोप लगाउनुभयो। संघर्ष समितिका सबै मानिस उद्योग सञ्चालनको पक्षमा भए पनि कांग्रेस र माओवादीले समर्थन नजनाएको उहाँले बताउनुभयो। यी दुबै ट्रेड युनियनहरु उद्योग बन्द गर्ने पक्षमा रहेको उहाँको भनाइ छ।

नेपाली नागरिकका लागि रोजगारी सृजना र राष्ट्रको लागि आर्थिक सम्वृद्धि हासिल गर्ने उद्देश्यले विसं २०३३ साल असोज १३ गते देशकै ठूलो हेटौंडा सिमेन्ट उद्योगको स्थापना भए पनि महालेखाको प्रतिवेदन अनुसार उद्योग बन्द हुने अन्तिम अवस्थामा पुगेको गुनासो आएको उहाँले बताउनुभयो। १ अर्ब ३३ करोड लागतमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगको सम्पत्ति महालेखाको प्रतिवेदन अनुसार ५५ अर्ब रहेको छ। उद्योग बन्द हुने अन्तिम अवस्थामा पुगेको स्थानीय बासिन्दाले गुनासो गरेका छन्।

सिमेन्ट उद्योग बन्द भएपछि ९ नम्बर वडा, जिल्ला र राष्ट्रले अकल्पनीय क्षति व्यहोर्नुपर्ने अवस्था आउने विज्ञप्तिमार्फत् गुनासो गरिएको छ। सिमेन्ट उद्योग बन्द भएमा जिम्मा लिने विषयमा ? दोषीको विषयमा ? नेपाल सरकारले नियुक्ति गरेका महाप्रबन्धकबाट यसको जवाफ नेपाली जनता र वडाबासीले पाउनुपर्ने माग गरिएको उहाँले बताउनुभयो। हेटौंडा सिमेन्ट उद्योग सुचारु ढंगबाट सञ्चालन हुनुपर्छ भन्ने विषयमा स्थानीय संघर्ष समितिको ध्यानाकर्षण भएको बताइएको छ।

हेटौंडा सिमेन्टको बजारमा माग उत्तिकै भए पनि ६ महिनादेखि उत्पादन बन्द भएको विषयमा सूक्ष्म ढंगबाट अनुसन्धान हुनुपर्ने माग गरिएको छ। अवकाश प्राप्त कर्मचारीले पाउनुपर्ने सेवा सुविधा भुक्तानीका लागि पनि उद्योग तत्काल सञ्चालनमा ल्याउनुपर्ने माग गरिएको छ। निजी सिमेन्ट कम्पनीले जनताको ढाड सेक्नेगरी सिमेण्टको मूल्य वृद्धि गरेको भन्दै उद्योग सञ्चालनका लागि सञ्चालक समिति, उद्योगका क्रियाशील ट्रेड युनियनहरु र महाप्रबन्धक उदासिन बनेको आरोप लगाइएको छ।

करिब एक हजार जनालाई रोजगारी दिइरहेको अवस्थामा हेटौंडा कपडा उद्योग बन्द हुँदा हेटौंडाको मात्र नभई देशकै रोजगारी र अर्थतन्त्रमा ठूलो धक्का पुगेको बताइएको छ। सरकारी स्वामित्वको हेटौंडा सिमेण्ट उद्योग बन्द भएमा आर्थिक समृद्धि र रोजगारीको ढोका बन्द हुने निश्चित भएकाले उद्योग तत्काल सञ्चालन गर्न स्थानीय संघर्ष समितिले जोडदार माग गरेको छ।

# विद्यालय मर्जमा समस्याः निर्देशक अर्याल

समाज संवाददाता

हेटौंडाः शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरका निर्देशक हरिप्रसाद अर्यालले विद्यालय मर्जमा समस्या रहेको बताउनुभएको छ। बिहीबार हेटौंडामा पत्रकार भेटघाट कार्यक्रमलाई सहजीकरण गर्नुहुँदै उहाँले कक्षामा ५ देखि २० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय उल्लेख्य रहे पनि मर्जमा समस्या रहेको उहाँले जानकारी दिनुभयो। प्रायः शिक्षकले नै विद्यालय मर्ज गर्न रोकेको आरोप लगाउनुभयो।

कक्षामा ५ भन्दा कम विद्यार्थी भएका विद्यालय बागमती प्रदेशमा एक हजार ९ सय ८१ रहेको निर्देशक अर्यायलले जानकारी दिनुभयो। यस्तै, कक्षामा १० भन्दा कम विद्यार्थी भएका विद्यालय ४ हजार ४ सय ७३, कक्षामा १५ भन्दा कम विद्यार्थी भएका विद्यालय ४ हजार ७६ र कक्षामा २० भन्दा कम विद्यार्थी भएका विद्यालय ४ हजार ३ सय ३० रहेको निर्देशक अर्यालले बताउनुभयो। उहाँले नेपालको संविधान २०७२ को शिक्षासम्बन्धी प्रमुख प्रावधानहरु, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमवाली २०७७ जस्ता नीतिगत विषयमा सहजीकरण गर्नुभयो।

उहाँले सञ्चारकर्मीलाई विशेष प्राथमिकता दिएर शिक्षा क्षेत्रमा भइरहेका गतिविधिलाई उठान गर्न आग्रह गर्नुभयो। स्थानीय तहमा कार्यान्वयन गरिने प्रमुख कार्यक्रमलाई विशेष जोड दिन उहाँले आग्रह गर्नुभयो। कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरी, हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका हरिचन्द्र सापकोटालगायतको उपस्थिति रहेको थियो।

# लागूऔषधसहित भारतीय नागरिक पक्राउ




*लागूऔषधसहित पक्राउ परेका भारतीय नागरिक।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१५ रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट लागूऔषध ओनरेक्ससहित एकजना भारतीय नागरिकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। भारतको बिहार राज्यको पूर्वी चम्पारण जिल्लाका २६ वर्षीय अर्जुन कुमारलाई मकवानपुर प्रहरीले मंगलबार राती ९ बजेर ५५ मिनेटको समयमा १०० मिलिलिटरको ४० बोतल ओनरेक्ससहित पक्राउ गरेको जनाएको छ।

पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बिआरओ ५ एक्स ७५१३ नम्बरको भारतीय मोटरसाइकललाई रोकेर सुरक्षाजाँच गर्दा कुमारले शरीरको छातीको भागमा र मोटरसाइकलको मुनी लागूऔषध ओनरेक्स लुकाएर ल्याएको अवस्थामा प्रहरीले बरामद गरेको जनाएको छ। प्रहरीले लागूऔषध, मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप अनुमती लिई हिरासतमै राखेर अनुसन्धान गरिरहेको छ।

## सवइन्जिनियरको निधन

# इन्द्रसरोवरमा आज शोक विदा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका सवइन्जिनियर रुद्रप्रसाद न्यौपानेको निधन भएको छ। सिन्धुली जिल्लाको गोलञ्जोर गाउँपालिकाका न्यौपानेको २४ वर्षको उमेरमा फोक्सोको क्यान्सरका कारण बिहीबार निधन भएको हो।

गत कात्तिकमा क्यान्सर भएको पुष्टी भएपछि उपचाररत न्यौपानेको चितवनस्थित क्यान्सर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इन्द्रसरोवर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामाले जानकारी दिनुभएको छ। न्यौपानेको निधनको शोकमा भोलि शुक्रबार गाउँपालिकाले सार्वजनिक विदा दिएको छ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community

## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/१०/२४ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक : श्याम बहादुर गुरुङ समेत-३ जना छोरा
जग्गावाला : चन्द्र बहादुर गुरुङ (बुवा)

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ७ का निम्नानुसार का जग्गा हाम्रो बुवा चन्द्र बहादुर गुरुङको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो बुवा चन्द्र बहादुर गुरुङको मिति २०५६/०८/०९ मा मृत्यु भईसकेको र निजको हक खाने निजकी पत्नि शुक कुमारी गुरुङको पनि मिति २०७४/०२/१५ मा मृत्यु भईसकेको र निजहरुको शेषपछि हक खाने हकदार ५ जना छोराहरु जेठो अत्तर बहादुर गुरुङ-१, माहिलो श्याम बहादुर गुरुङ-१, साईलो गम्भी गुरुङ-१, काईलो सागर गुरुङ-१ र कान्छो प्रेम बहादुर गुरुङ-१ भएको र २ छोरीहरु भएकोमा विवहा गरी अन्यत्र गईसकेकोले कान्छो प्रेम बहादुर गुरुङ र जेठो अत्तर बहादुर गुरुङको मंजुरीले माहिलो श्याम बहादुर गुरुङ-१, साईलो गम्भी गुरुङ-१ र काईलो सागर गुरुङ-१ गरी तीन जनाको नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि बकैया गाउँपालिका ४ नम्बर वडा कार्यालयको च.नं. १५८७ मिति २०८०/१२/२५ को छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, च.नं. ९०७ मिति २०८१/१०/०७ को हकभोग किटानी सिफारिस, जग्गावालाको बुवाको फरक-फरक नाम गोविन्द गुरुङ र कर्ण बहादुर गुरुङ एउटै भएको किटानी सिफारिस, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, सविक लगत, फिल्डबुक उतार तथा मृत्यु दर्ता समेत संलग्न राखी मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः तल उल्लेखित जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा, स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकूल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुर मा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरवाजुर लाग्ने छैन।

**तपसिल**

| सि.नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/निवेदक | |
| १ | चन्द्र बहादुर गुरुङ वडा नं. ७ बावु-गोविन्द बाजे... | फापरवारी | ७ | १९६<br>१९७ | ०-३-१२<br>०-०-३.७५ | श्याम बहादुर गुरुङ समेत-३ | जिल्ला मकवानपुर, फापरवारी, ९१ नं. मौजे-बन्दीपुर, रै.नं. २२ को जग्गाधनी चन्द्र बहादुर गुरुङ गुरु |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
वनस्पति अनुसन्धान केन्द्र
हेटौंडा, मकवानपुर

## आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

*सूचना प्रकाशित मितिः २०८१/१०/२५ गते*

यस कार्यालयबाट तपसिलको E–Bid मार्फत मिति २०८१/०९/१४ मा आह्वान भएको सिलबन्दी दरभाउपत्रमा रितपूर्वक परेका दरभाउपत्रमध्ये तपसिल उल्लेखित न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रको आर्थिक प्रस्ताव स्वीकृत गर्ने प्रावधान अनुरुप सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी, ठेगाना | कबोल अङ्क (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | PRC/MAK/WORK/SQ/२०८१/०८२-१ | Fencing Works at Brindaban Botanical Garden Hetauda, Makawanpur | Saani Nirman Sewa, Parsa | १३,०३,६८७.२८/- |

**कार्यालय प्रमुख**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## हेटौंडा उपमहानगरपालिका

## ८ नम्बर वडा कार्यालयको सूचना

**व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बिवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/ गराऔं।**

**रामकृष्ण थापा**
**वडा अध्यक्ष तथा**
**८ नम्बर वडा कार्यालय परिवार**

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# नागरिकप्रति उत्तरदायी हुन मन्त्री महर्जनको निर्देशन

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले नागरिकप्रति उत्तरदायी हुन निर्देशन दिनुभएको छ। उहाँले जवाफदेहीतासहित नागरिकको माग र आवश्यकतामा जिम्मेवार बनेर काम गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको हो ।

मन्त्रालय मातहतका परिषद् तथा निकायहरुको आर्थिक वर्ष २०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वयनको समीक्षा बैठकलाई सम्बोधन गर्नुहुँदै मन्त्री महर्जनले मातहतका निकायहरुलाई मन्त्रालय र प्रदेश सरकारका संरचनामा आसपी समन्वय बढाउन आग्रह गर्नुभयो। उहाँले खेलकुद मन्त्रालयले परिणाममुखी काम गर्नुपर्ने भएकाले गम्भिरताका साथ अघि बढ्न जरुरी रहेको औंल्याउनुभयो। एकजुट भएर काम गर्दा उत्कृष्ट नतिजा निकाल्न र समाजमा समेत सकारात्मक परिवर्तन ल्याउन सकिने भएकाले आसपी समन्वय बढाउन उहाँले जोड दिनुभएको छ । जनताले सेवाको गुणस्तर अनुभूति गर्नका लागि सेवा प्रक्रिया र वितरणमा सुधार ल्याउँदै कागजी कारवाहीलाई सरल एवम् पारदर्शी बनाउनुपर्ने उहाँको भनाई छ ।

उहाँले प्रदेश खेलकुद विकास परिषद् र युवा परिषद्ले सञ्चालन गर्दै आइरहेको आयोजनाहरुलाई पूर्णता दिन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । देखिने, सुनिने र नागरिकले अनुभूत गर्ने गरी उत्प्रेरित भएर काम गर्न तथा आगामी दिनमा मन्त्रालयको वार्षिक कार्ययोजना बमोजिम नतिजा हासिल गर्नेतर्फ अग्रसर हुन उहाँले निर्देशन दिनुभयो । मन्त्री महर्जनले प्रभावकारीरुपमा कार्यसम्पादन गर्न सोही ढंगका योजनाहरु तयार आग्रह गर्नुभयो। उहाँले आफ्नो कार्यकालमा युवा तथा खेलकुद क्षेत्रको समग्र विकास, विस्तार र प्रवर्द्धन गर्दै युवा र खेलाडीहरुको भावना अनुसार काम गर्नुपर्ने बताउनुभयो ।

बैठकमा मन्त्रालयका सचिव केशवराज सुवेदी र परिषद्का सदस्य सचिव दीपक लामा र खेल विज्ञ दीपक श्रेष्ठले मन्त्रालय र परिषद्हरुको प्रगतिका साथै आयोजनाहरुको वित्तीय एवम् भौतिक प्रगतिको अवस्था, कार्यान्वयनमा आइपरेका समस्या तथा चुनौती र समाधानका लागि गरिएका प्रयासहरुबारे चासो व्यक्त गर्नुभएको थियो । बैठकमा प्रदेश युवा परिषद्का कार्यालय प्रमुख रमेश घिमिरे, प्रदेश खेलकुद विकास परिषद्का कार्यालय प्रमुख बद्रीबहादुर पाठक र मन्त्रालयका प्रवक्ता सूर्यबहादुर दाहालले आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्म भएका काम कारबाही, बजेट खर्चको अवस्था, सञ्चालन भइरहेका आयोजनाहरु तथा समग्र गतिविधिको विषयमा जानकारी गराउनुभएको थियो ।

# थाहामा वडास्तरीय फुटबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकामा जारी अन्तर वडास्तरीय मेयर कप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । बिहीबार क्वार्टरफाइनल चरणको २ खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

बिहीबार भएको क्वार्टरफाइनलको २ खेलहरुमा जीत निकाल्दै वडा-७ र वडा-१ सेमिफाइनलमा प्रवेश गरेको छ । थाहा नगरपालिकाको आयोजना तथा वडा नम्बर-४ स्थित ऋषेश्वर फुटबल क्लबको व्यवस्थापनमा भएको पहिलो क्वार्टरफाइनल खेलमा वडा-८ लाई वडा-७ ले टाइब्रेकरमा ५-३ गोल अन्तरले पराजित गरेको छ भने दोस्रो खेलमा वडा-१२ लाई १-० गोल अन्तरले वडा-१ ले पराजित गरेको छ। पहिलो खेलको निर्धारित समय गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेको थियो ।

प्रतियोगिता अन्तर्गत आज शुक्रबार हुने सेमिफाइन चरणको पहिलो खेलमा वडा-१ र वडा-४ बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा वडा-७ र वडा-३ बीच प्रतिस्पर्धा हुनेछ। खेल बिहान ८ बजेबाट सुरु हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागत उत्कृष्ट खेलाडी र प्रत्येक खेलको म्यान अफ म्याचका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

# लदि पर्वमा बिदा माग गर्दै मुख्यमन्त्री लामालाई ज्ञापनपत्र



समाज संवाददाता

हेटौंडा : नेपाल माझी उत्थान संघले बागमती प्रदेशमा लदि पर्वमा सार्वजनिक विदा दिन माग गरेको छ। बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामालाई ज्ञापनपत्र बुझाउँदै लदि (कोशी) पुजामा सार्वजनिक बिदा दिन माग गरेको हो ।

छुट्टै पहिचान र विशेषता बोकेको माझी जातिको प्रमुख पर्व लदि (कोशी) पुजाको अवसरमा फागुण २० गते सार्वजनिक बिदा दिन माग गरिएको हो । उक्त बिदाले सम्पूर्ण आदिवासी लगायत प्रदेशमा बसोवास गर्ने माझी समुदायप्रतिको सम्मान रहने संघका महासचिव बविन्द्रलाल माझीले बताउनुभयो । महासचिव माझीका अनुसार आफ्नो छुट्टै भाषा, धर्म र संस्कार, संस्कृति भएका माझी समुदायको महत्वपूर्ण पर्वमा सार्वजनिक बिदा दिन माग गरेको हो । छुट्टै पहिचानसहित नेपालको मध्य पहाडी, भित्रि मधेश र तराईका जिल्लाहरुमा बसोवास रहेको माझी समुदाय विशिष्ट जाति रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

'परम्परादेखि नदि, खोलामा निर्भर माझीहरुको पुर्ख्यौली पेसा माछा मार्ने र डुंगा चलाउने भए तापनि हाल कृषि पेशालाई मुख्य पेसाको रुपमा अंगालेका छन् । छुट्टै इतिहास, भाषा, संस्कार, संस्कृति, पहिचान र विशेषता भएको यो जातिको वसोवास बढीजसो नदि किनारमा रहेको छ ।' पत्रमा उल्लेख छ, 'राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार नेपालमा माझी समुदायको जनसंख्या १ लाख ११ हजार ३५२ रहेको छ । तथापि तराईमा रहने माझीहरुले कुश्वार लेख्ने हुनाले यो संख्या अरु धेरै रहेको हुन सक्ने अनुमान गर्न सकिन्छ । माझीहरुको कुल जनसंख्या मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा मात्र ४१ हजार ६७१ (३७.४२ प्रतिशत) बसोवास गर्दछन् ।'

संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारमा विभिन्न जातजातिको भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षण र जगेर्ना गर्ने संवैधानिक अधिकार रहेको पत्रमा उल्लेख छ । सोही अनुसार बागमती सरकारले आफ्नो भुगोल भित्र विभिन्न जातजाति, भाषा भाषीको संस्कृति जगेर्ना गर्नु दायित्व र कर्तव्य भएको संघको भनाइ छ। ज्ञापनपत्र बुझ्नुहुँदै मुख्यमन्त्री लामाले सबै भाषा, धर्म र साँस्कृतिक चाडपर्वको संरक्षण गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो। उहाँले भाषा ऐन कार्यान्वयन पश्चात प्रदेशमा रहेका आदिवासी तथा सिमान्तकृत जातिको विषयमा अध्ययन अनुसन्धान कार्यमा काम अघि बढाउन सहज हुने उहाँले बताउनुभयो । बागमती प्रदेश सरकार साँस्कृतिक सम्पदासँगै भाषा, साहित्यलाई पर्यटनका माध्यमबाट प्रवर्द्धन गरी आयआर्जनमा जोड्न प्रयत्नरत रहेको उहाँको भनाई छ। सरकारले लदि पर्वको बिदाको सन्दर्भमा आवश्यक समन्वय गरेर निर्णय लिने उहाँले बताउनुभएको छ ।

# कैलाशमा अध्यक्ष कप फुटबल हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा तेस्रो संस्करणको अध्यक्ष कप फुटबल प्रतियोगिता हुने भएको छ । कैलाश गाउँपालिकाको आयोजना तथा पालिका खेलकुद विकास समितिको व्यवस्थापनमा यही फागुन १४ गतेदेखि १७ गतेसम्म तेस्रो संस्करणको अध्यक्ष कप '९'ए साइड नकआउट फुटबल प्रतियोगिता हुने भएको हो ।

पालिका खेलकुद विकास समिति संयोजक मोहन वाइबाले सूचना जारी गर्नुहुँदै प्रतियोगिताको बारेमा जानकारी गराउनुभएको छ। प्रतियोगितमा सहभागी हुनका लागि गाउँपालिकाको वडाका स्थानीय बासिन्दा हुनुपर्ने बताइएको छ ।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि आयोजकले बासस्थानको पनि व्यवस्था गरिएको संयोजक वाइबाले जानकारी दिनुभएको छ। प्रतियोगिताको उपाधि विजेता टिमलाई १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । उपविजेता टिमले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, सेमिफाइनल खेलमा पराजित हुने टिमलाई १० हजार रुपैयाँ नगद र प्रमाणपत्र प्रदान गरिनेछ। विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

# अन्तर नगरपालिकास्तरीय कराँतेमा हेटौंडा उपविजेता

समाज संवाददाता

हेटौंडाः प्रथम संस्करणको अन्तर नगरपालिकास्तरीय आमन्त्रण सितोरियो कराँते प्रतियोगिता सम्पन्न भएको छ । चितवन जिल्लाको भरतपुर महानगर पालिकामा बुधबार र बिहीबार भएको प्रतियोगितामा हेटौंडाको टिम उपविजेता बनेको छ ।

नेपाल सितोरियो कराँते संघ हेटौंडाको टिमले २ वटा स्वर्ण, २ वटा रजत र २ वटा काँस्य पदक प्राप्त गर्दै उपविजेता बन्न सफल भएको नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपक लामाले जानकारी दिनुभएको छ । प्रतियोगितामा सहभागी १४ जनामध्ये ६ जना खेलाडीहरुले पदक दिलाउँदा हेटौंडाको टिम दोस्रो स्थानमा पर्न सफल भएको संघका अध्यक्ष लामाले बताउनुभयो ।

दोस्रो भएको हेटौंडाको टिमले २० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। ६० केजी तौल समूहबाट महिलातर्फ डोल्मा लामा र पुरुषतर्फ ७५ केजी तौल समूहबाट उत्तम स्याङ्तानले रजत पदक दिलाएका छन्। पुरुषतर्फ ५५ केजी तौल समूहबाट छोइसाङ थोकरले काँस्य पदक दिलाउँदा महिलातर्फ ७१ केजी तौल समूहबाट आकृति पुलामीले पनि काँस्य पदक दिलाएकी हुन्। खेलाडीहरुको प्रतिनिधित्व गरेर प्रशिक्षक रामलाल थोकर, व्यवस्थापक भीम घलान र रेफ्री विष्णु श्रेष्ठ प्रतियोगितामा सहभागी हुनु भएको थियो ।

# बालबोध माविको वार्षिक उत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीस्थित बालबोध माध्यमिक विद्यालयको वार्षिकोत्सव सम्पन्न भएको छ। बुधबार विद्यालयको प्राङ्गणमा एक समारोहबीच ७४ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको हो ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रदीप अर्यालको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव कार्यक्रम उद्घाटन गरिएको थियो । कार्यक्रमकै अवसर पारेर दौड, स्पोन दौड, अभिभावक र शिक्षकबीच कुर्सी दौडलगायतका खेलकुद कार्यक्रम आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठले जानकारी दिनुभएको छ ।

अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता र नृत्य प्रतियोगिता आयोजना गरिएको उहाँले बताउनुभयो। प्रतियोगिताका लागि विद्यालयका बस चालक रविकुमार कठायतले ५ हजार र मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारीले २० हजार रुपैयाँ सहयोग गर्नुभएको उहाँले बताउनुभयो ।

कार्यक्रममा माध्यमिक तहका गोपाल भुजेल र आधारभूत तहका सुजिता अधिकारीलाई उत्कृष्ट शिक्षकको रुपमा सम्मान गरिएको छ । विद्यालयमा हाल करिब ४ सय विद्यार्थी अध्यनरत छन् । विद्यालयले कक्षा-८ को आधारभूत कक्षा-१० को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी हुने विद्यार्थीको मूल्याङ्कनका लागि विषयगत परीक्षा लिने गरेको छ ।

# महिला संगठनको संयोजकमा उर्मिला

समाज संवाददाता

हेटौंडा : राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनको संयोजकमा उर्मिला लामा चयन हुनुभएको छ। बिहीबार पार्टी कार्यालयमा भएको विशेष भेलाले प्रजातान्त्रिक महिला संघको संयोजकको जिम्मेवारी लामालाई दिएको हो । संयोजक लामाले जिल्लाको अधिवेशन चैत मसान्तभित्र सम्पन्न गर्नुपर्ने बताइएको छ ।

अधिवेशनले नयाँ कार्यसमिति चयन गरेपछि समितिको कार्यकाल ३ वर्षको रहनेछ । राप्रपाका प्रदेश सचिव गुञ्जन न्यौपानेको प्रमुख आतिथ्यमा भेला भएको हो। भेलामा जिल्ला उपाध्यक्ष अर्जुन गौतम, प्रजातान्त्रिक महिला संगठनकी केन्द्रीय सचिव सरस्वती थिङ र प्रदेश सदस्य खुशी कार्कीको उपस्थिति रहेको थियो ।

# वडास्तरीय कविता प्रतियोगितामा लौंडारी प्रथम

समाज संवाददाता

हेटौंडाः दोस्रो संस्करणको हेटौंडा-४ नम्बर वडा खेलकुद महोत्सव अन्तर्गत वडास्तरीय कविता प्रतियोगिता सम्पन्न भएको छ । बिहीबार हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीको व्यवस्थापनमा वडास्तरीय कविता प्रतियोगिता सम्पन्न भएको हो ।

हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा भएको कविता प्रतियोगितामा ब्रह्मदिक एकेडेमीमा कक्षा-९ मा अध्ययनरत कृष्मा लौंडारी प्रथम हुनुभएको छ । प्रतियोगितामा भुटनदेवी माध्यमिक विद्यालयको कक्षा-९ मा अध्ययनरत रोहन काफ्ले द्वितीय र सत्यम जेभियर्स बोर्डिङमा अध्ययनरत आँचल शाही ठकुरी तृतीय हुनुभएको छ।

४ नम्बर वडाभित्रका विद्यालयका विद्यार्थी सहभागी प्रतियोगितामा वडाभित्रका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयका १५ जना विद्यार्थीको सहभागिता रहेको थियो । कविता प्रतियोगिताका विजेताहरुलाई खेलकुद महोत्सवको समापन कार्यक्रममा पुरस्कार प्रदान गरिने छ ।

खेलकुद महोत्सव अन्तर्गत शुक्रबार भुटनदेवी माध्यमिक विद्यालयको व्यवस्थापनमा निबन्ध लेखन प्रतियोगिता हुनेछ । यस्तै, वडाभित्रका विद्यालयका शिक्षकहरुबिच ५ 'ए' साइड फुटबल प्रतियोगिता पनि शुक्रबारबाट सुरु हुनेछ । यसअघि वडास्तरीय हाजिरीजवाफ, वक्तृत्वकला, वादविवाद, नेपाली हिज्जे प्रतियोगिता सम्पन्न भइसकेको छ । जिल्लास्तरीय शिक्षक दौड र बिस्तारै स्कुटर दौड प्रतियोगितासमेत सम्पन्न भएको छ ।

# कर्मचारी संगठनको प्रदेश अधिवेशन भोलि

समाज संवाददाता

हेटौंडा : नेपाल निजामति कर्मचारी संगठनको बागमती प्रदेश अधिवेशन भोलि शनिबार हेटौंडामा हुने भएको छ । नयाँ नेतृत्व चयन गर्ने गरी प्रदेशका १३ वटै जिल्लाबाट एक सय ५० भन्दा बढी प्रतिनिधि सहभागी हुँदैछन् ।

संगठनका प्रदेश अध्यक्ष बरुण कुमार साहका अनुसार प्रदेश कमिटीको दोस्रो अधिवेशनले २१ सदस्यीय नयाँ नेतृत्व चयन गर्नेछ। बागमती प्रदेशमा संगठनमा आवद्ध ३ हजार ६ सय भन्दा बढी निजामति कर्मचारी रहेको उहाँले जानकारी दिनुभयो ।

## सार्वजनिक सेवा लिँदा ध्यान दिऊँ

- सेवाग्राहीले आफूले लिन चाहेको सेवाको बारेमा जानकारी राखौं,
- सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- आफूले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- सेवा लिन जाँदा कर्मचारीहरुसँग विनम्र व्यवहार गरौं,
- कर्मचारीहरुलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखौं,
- सचेत र सम्भ नागरिकको भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## VACANCY ANNOUNCEMENT

MIHM
MEGHA INSTITUTE OF HOTEL MANAGEMENT
The art of meeting your highest expectations

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time

**About Us:**
*Megha Institute of Hotel Management is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*

**Requirements:**
- Minimum +2 levels completed (Priority for Hotel Management graduates).
- Proficiency in MS-Word, Excel, and Photoshop.
- Strong communication skills in both Nepali and English.
- Basic accounting knowledge (billing, record-keeping, cash handling).
- Pleasant personality with a customer-friendly attitude.

**Responsibilities:**
- Greet and assist students, visitors, and staff.
- Handle phone calls, emails, and inquiries professionally.
- Maintain student records, registrations, and course schedules.
- Perform basic accounting tasks (fee collection, record maintenance).
- Assist in preparing promotional materials using Photoshop.
- Support the management team in daily administrative tasks.

**Benefits:**
- Attractive salary based on experience.
- Professional growth opportunities.

**How to Apply:** *Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph.* **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042

**Join us and be a part of a dynamic hospitality training institute!**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ